**त्रिभुवन विश्वविद्यालय**
**कृषि र पशु विज्ञानअध्ययन संस्थान**
**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

प.सं./च.नं.

**<u>लायन्स मनराम प्रतिष्ठान २००५ नेपालको मनराम छात्रावृत्ति सम्बन्धी सूचना ।</u>**
**<u>प्रकाशित मिति २०८०/०४/२४ गते ।</u>**

लायन्स मनराम प्रतिष्ठान २००५ नेपालको मनराम छात्रावृत्तिसम्वन्धी मिति २०८०/०४/१० गते प्रकाशित गरेको सूचना अनुसार शैक्षिक वर्ष २०७९/२०८० को लागि **B.Sc.Ag तर्फ २ र B.VSc. and A.H. तर्फ १** गरी तीनजना छात्रा विद्यार्थीहरुको लागि यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक क्याम्पसहरुमा तोकिएको कार्यक्रममा भर्ना भई अध्ययनरत इच्छुक छात्राहरुले आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ । **कान्तिपुर दैनिकमा प्रथम पटक प्रकाशित मितिले २१ दिनभित्र** प्रतिष्ठानको इमेल info@manaram.org मा फाराम भरी आवेदन दिन सकिनेछ । आवेदन फाराम प्रतिष्ठानको वेबसाइट www.manaram.org बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । थप विवरणका लागि प्रतिष्ठानको वेबसाइट/प्रतिष्ठान/मनराम हिमालयन ह्याण्डिक्राफ्ट/कृषि र पशु विज्ञान अध्ययन सं स्थानमासम्पर्क गर्न सकिनेछ ।

डा. किशोर चन्द्र दाहाल
सहायक डीन (शिक्षण)

**थप विवरण**

१. डाउनलोड गरी प्राप्त आवेदन फाराममा कालो मसीको प्रयोग गरी सबै विवरण भर्नु पर्नेछ ।
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो आवेदन फारामको माथिल्लो भागको दाहिनेपट्टी टाँस्नु पर्नेछ ।
३. आवेदन फारामको प्रत्येक पानाको पुछारमा हस्ताक्षर गर्ने र तोकिएको स्थानमा सहिछाप (ल्याप्चे तथा दस्तखत) गर्नु पर्नेछ ।
४. नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यताका प्रमाणपत्रहरु सहितको आवेदन फाराम क्याम्पस प्रमुखबाट प्रमाणित गराई स्क्यान गरी इमेल गर्नु पर्नेछ ।
५. सबै विवरण नभरिएको, सहिछाप नगरिएको, फोटो टाँस नभएको, नागरिकता र शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न नभएको तथा क्याम्पस प्रमुखबाट प्रमाणित नभएको आवेदन फाराम स्वीकृत हुने छैन ।
६. सबैभन्दा बढी छात्रवृत्ति आवश्यक पर्ने योग्य विद्यार्थी (Need based, Merit based) लाई छात्रवृत्ति प्रदान गर्ने प्रतिष्ठानको नीति रहेकाले सोही अनुसार प्रतिष्ठानद्वारा गठित मूल्याङ्कन समितिले प्राप्त आवेदनको मूल्याङ्कन गरी सर्टलिस्टिङ गर्नेछ ।
७. सर्टलिष्टमा छनौट भएका विद्यार्थीहरुको अन्तर्वार्ता लिइनेछ ।
८. तत्पश्चात प्रवेश परीक्षाको मेरिटक्रमलाई सत्तरी प्रतिशत र अन्तर्वार्तालाई तीस प्रतिशत अंकभार मानी १०० पूर्णाङ्कको मूल्याङ्कनका आधारमा छात्रवृत्ति पाउने विद्यार्थीको सूची सार्वजनिक गरिनेछ ।
९. छात्रवृत्ति पाउने विद्यार्थीलाई स्नातक तहको अध्ययन अवधिभर छात्रवृत्ति प्रदान गरिनेछ । तर बीचमै पढाइ छाड्ने वा सत्रको परीक्षामा अनुत्तिर्ण हुने विद्यार्थीहरुको छात्रवृत्तिलाई निरन्तरता दिइने छैन ।
१०. छात्रवृत्ति मासिक दशहजार रुपैयाँका दरले प्रदान गरिनेछ ।
११. अन्यत्रबाट छात्रवृत्ति पाइरहेको विद्यार्थीलाई दोहोरो पर्नेगरी छात्रवृत्ति प्रदान गरिने छैन ।
१२. आवेदन फाराममा झुठा विवरण पेश गरेको प्रमाणित भएमा पाइसकेको छात्रवृत्ति समेत रद्द गरी प्रतिष्ठानले वैकल्पिक उम्मेदवारलाई उक्त वृत्ति प्रदान गर्नेछ ।

पो.अ.ब. ९८४; फोन: ९७७-१-४३३०५००/४३३०६००; इमेल: info@iaas.edu.np; Website : www.iaas.edu.np

पो.अ.ब. ९८४; फोन: ९७७-१-४३३०५००/४३३०६००; इमेल: info@iaas.edu.np; Website : www.iaas.edu.np

फोटो

**मनराम छात्रवृत्तिका लागि**
**आवेदन फाराम**

**श्रीमान् अध्यक्षज्यू,**
**लायन्स मनराम प्रतिष्ठान २००५ नेपाल,**
**बालुवाटार, काठमाडौं ।**

म त्रिभुवन विश्वविद्यालय, कृषि र पशुविज्ञान अध्ययन संस्थान अन्तरगत ................ क्याम्पस ..................मा .......................................................(B.Sc. AG/ B.VSc. and A.H.) पहिलो वर्षमा अध्ययनरत छात्रा हुँ । मनराम छात्रवृत्तिका लागि देहाय अनुसारको विवरण भरी यो आवेदन फाराम प्रस्तुत गरेकी छु ।

१. Name in English :

| First | Middle | Last |
|---|---|---|
| | | |

२. नाम नेपालीमा :

| पहिलो | बीचको | अन्तिम |
|---|---|---|
| | | |

३. जन्ममिति :
(नागरिकता प्रमाणपत्र अनुसार)
बि.सं.
इ.सं.

४. बाबु आमाको नाम :

| | पहिलो | बीचको | अन्तिम |
|---|---|---|---|
| बाबु | | | |
| आमा | | | |
| | | | |

५. बाजे बज्यैको नाम :

| | पहिलो | बीचको | अन्तिम |
|---|---|---|---|
| बाजे | | | |
| बज्यै | | | |

६. वैवाहिक स्थिति :

| विवाहित | अविवाहित |
|---|---|
| | |

विवाहित भए पतिको नामथर, ठेगाना र पेशा :

७. नागरिकता :
८. नागरिकता नं.: जारी गर्ने जिल्ला : जारी मिति :
९. बाबुको मुख्य पेशा : आमाको मुख्य पेशा :

१०. शैक्षिक योग्यता ( SLC/SEE र सो भन्दामाथिका सबै) :

| विद्यालय/क्याम्पसको नाम र ठेगाना | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय | उत्तिर्ण गरेको साल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. मातृभाषा :

१२. स्थायी ठेगाना :

| प्रदेश | जिल्ला | नगरपालिका/गाउँपालिका | वडा नं . | टोल | मार्ग | घर नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१३. पत्राचार गर्ने ठेगाना :

| प्रदेश | जिल्ला | नगरपालिका/गाउँपालिका | वडा नं . | टोल | मार्ग | घर नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१४. सम्पर्क :

| फोन नं. | मोवाइल नं. | इमेल |
|---|---|---|
| | | |

१५. पुष्ट्याईं :

तपाईंलाई छात्रवृत्ति किन आवश्यक पर्ने हो ५०० शव्दमा नबढाई नेपाली वा अंग्रेजी भाषामा पुष्ट्याईं दिनुहोस् । आवश्यक परे छुट्टै पेज प्रयोग गर्न सक्ने हुनेछ ।

१६. हाल म अध्ययनरत तहका लागि मैले अन्यत्र कतैबाट पनि छात्रवृत्ति पाएको/ लिएको छैन ।

१७. उपरोक्त अनुसार मैले भरेका सबै विवरणहरु सही छन्,झुठा ठहरे कानून बमोजिम सजायँ भोग्न तयार छु भनी सहिछाप गर्दछु ।

| नाम | दस्तखत | ल्याप्चे | |
|---|---|---|---|
| | | दायाँ | बायाँ |
| | | | |

मिति :

१८. **क्याम्पस प्रमुखको सिफारिश :**

निज.................................................यस क्याम्पसको .........................(B.Sc.Ag./B.VSc. & A.H.) पहिलो वर्षमा अध्ययनरत छात्रा हुन् भनी प्रमाणित गर्दै निजले अन्यत्रबाट छात्रवृत्ति पाएको नदेखिएको हुँदा मनराम छात्रवृत्तिका लागि सिफारिस गर्दछु ।

नाम :

पद : क्याम्पस प्रमुख क्याम्पसको छाप

दस्तखत :

मिति :